# खुला बजेट सर्वेक्षण

## नेपाल

२०२१

International Budget Partnership

FREEDOM FORUM

"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

# नेपाल खुला बजेट सर्वेक्षण

## प्रतिवेदन - २०२१

| ३९ | २४ | ४४ |
|---|---|---|
| १०० मा | १०० मा | १०० मा |
| पारदर्शिता | नागरिक सहभागिता | बजेट निगरानी |

**खुला बजेट परिसुचकमा नेपालको अंक**

### अध्ययन बारे...

सरकारका के कस्ता कर लगाउने, के कस्ता सेवा प्रवाह गर्ने र राष्ट्र ऋण कति परिमाणमा उठाउने जस्ता निर्णयले समाजका सबै पक्षलाई महत्वपूर्ण प्रभाव पार्छ । सरकारले जनतालाई आवस्यक सूचना तथा निर्णय प्रक्रियामा संलग्नताका लागि अर्थपूर्ण विधि र माध्यम उपलब्ध गराएमा सार्वजनिक स्रोत जनचाहना अनुसार खर्च हुने कुरा सुनिश्चित गर्न सकिन्छ ।

खुला बजेट सर्वेक्षण केन्द्रीय सरकारका बजेट सूचनाको पहुँच, राष्ट्रिय बजेट प्रक्रियामा नागरिक सहभागिताका लागि उपलब्ध औपचारिक अवसर तथा संसद र लेखापरीक्षक जस्ता बजेट निगरानी निकायको भूमिका मापनका लागि अन्तराष्ट्रिय रुपमा स्वीकार्य मापदण्डको प्रयोग गरेर कार्यान्वयन गरिने विश्वको एकमात्र स्वतन्त्र, तुलनात्मक र तथ्यपरक अनुसन्धान पद्धति हो ।


सर्वेक्षणले स्थानीय नागरिक समाजलाई सार्वजनिक स्रोतको उपयोग र बजेट प्रतिवेदनका आधारमा सरकारको मुल्यांकन र बहसका लागि सहयोग गर्छ । खुला बजेट सर्वेक्षणको आठौं संस्करणमा १२० देश समेटिएका छन् ।

खुला बजेट सर्वेक्षणको विस्तृत अध्ययन पद्धति, २०२१ को विश्व र क्षेत्रीय प्रतिवेदन, सबै देशको अध्ययनको निचोड तथा तथ्यांक खोजका लागि अन्तराष्ट्रिय बजेट साझेदारीको वेभ लिंक *www.internationalbudget.org/open-budget-survey* उपयोग गर्नुहोस् ।


# पारदर्शिता

खुला बजेट सर्वेक्षणको यो खण्डमा केन्द्रीय सरकारले गर्ने सार्वजनिक स्रोत प्राप्ती र खर्च सम्वन्धि सूचनाको को पहुँचको लेखाजोखा गरिन्छ । यसमा प्रमूख आठ बजेट दस्तावेजको अनलाइन माध्यममा उपलब्धता, समयवद्धता र सूचनाको व्यापकताको लेखाजोखा गरिन्छ। यसका लागि १०९ ओटा समान अंकभारका सूचकको प्रयोग गरी ० देखि १०० को स्केलमा हरेक देशले प्राप्त गर्ने अंक निर्धारण गरिन्छ । पारदर्शिताको अंक ६१ व सो भन्दा बढि भएमा सम्वन्धित देशले बजेटको सन्दर्भमा सुसूचित सार्वजनिक बहसका लागि पर्याप्त सामग्री प्रकाशन गरिरहेको मानिन्छ ।


नेपालको बजेट पारदर्शिताको अंक १०० मा ३९ रहेको छ ।  सर्वेक्षणमा सहभागी १२० देश मध्ये नेपाल ७७ औं स्थानमा रहेको छ ।



# बजेट पारदर्शितामा नेपालको तुलनात्मक अवस्था




# विभिन्न समयमा नेपालको खुला बजेटको अंकमा कस्तो परिवर्तन देखा परेको छ ?



## नेपालमा बजेट दस्तावेजको सार्वजनिक रुपमा उपलब्धता

| दस्तावेज | २०१० | २०१२ | २०१५ | २०१७ | २०१९ | २०२१ |
|---|---|---|---|---|---|---|
| पूर्व बजेट विवरण (Pre-Budget Statement) | 🔴 | 🔴 | 🔴 | 🔴 | 🔴 | 🔴 |
| कार्यकारीको वजेट प्रस्ताव (Executive's Budget Proposal) | 🟢 | 🟢 | 🟠 | 🟢 | 🟢 | 🟢 |
| अनुमोदित बजेट (Enacted Budget) | 🟠 | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 |
| नागरिक बजेट (Citizen Budget) | 🔴 | 🔴 | 🔴 | 🔴 | 🔴 | 🔴 |
| आवधिक प्रतिवेदन(In year Report ) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟠 | 🟢 |
| मध्यावधि समिक्षा (Mid-Year Review) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 |
| वार्षिक प्रतिवेदन (Year End Report) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟠 |
| लेखापरीक्षण प्रतिवेदन (Audit Report) | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 | 🟢 |

🟢 आम नागरिकका लागि उपलब्ध 🔴 निर्माण नभएको 🟠 ढिलो तयार भएको, अनलाइनमा प्रकाशन नभएको वा आन्तरिक प्रयोजनका लागि मात्र तयार गरिएको

## नेपालमा सर्वसाधारणका लागि उपलब्ध गराइने बजेट दस्तावेजका विषयबस्तु कतिको सूचनामुलक छन् ?

| प्रमूख बजेट दस्तावेज | दस्तावेजको उद्देश्य तथा विषयबस्तु | अध्ययनका लागि लिइएको बर्ष | दस्तावेजका विषयको प्राप्तांक |
|---|---|---|---|
| पूर्व बजेट विवरण (Pre-Budget Statement) | कार्यकारीको बजेट प्रस्ताव अघि नै सरकारको वित्त नीतिको मुख्य आयाम आग्रीम जानकारी दिनुका साथै सरकारको आर्थिक प्रक्षेपण, अपेक्षित आय, व्यय र ऋणको खाका प्रस्तुत गर्छ । | २०२०-२१ | निर्माण नभएको |
| कार्यकारीको वजेट प्रस्ताव (Executive's Budget Proposal) | यो कार्यकारीले अनुमोदनका लागि लागि व्यवस्थापिकामा प्रस्तुत गर्ने दस्तावेज हो । राजस्वका स्रोतको विस्तृत विवरण, मन्त्रालयगत विनियोजन, प्रस्तावित नीतिगत परिवर्तन तथा राज्यको वीत्तीय अवस्था बुझ्न आवस्यक उपयोगी जानकारी यसले उपलब्ध गराउँछ । | २०२०-२१ | ५६ |

| | | | |
|---|---|---|---|
| अनुमोदित बजेट (Enacted Budget) | व्यवस्थापिकाबाट अनुमोदन भएको बजेट | २०२०-२१ | १७ |
| नागरिक बजेट (Citizen Budget) | जनतालाई बजेटका प्रमूख सूचना उपलब्ध गराउने उद्देश्यले तयार पार्ने सरकारको कार्यकारीको बजेट प्रस्ताव वा अनुमोदित बजेटको सरलीकृत वा कम प्राविधिक संस्करण | | निर्माण नभएको |
| आर्थिक बर्ष भित्रका प्रतिवेदन (In year Report ) | यो आर्थिक बर्षभित्रको निश्चित अवधि विभिन्न समयको अन्तरालमा संकलित यथार्थ राजश्व, व्यय तथा तिर्न वाँकी ऋण सम्वन्धि सूचना समेटिएको दस्तावेज हो । यो त्रैमासिक वा मासिक रुपमा प्रकाशन गरिन्छ । | २०२०-२१ | ३३ |
| मध्यावधि समिक्षा (Mid-Year Review) | यो आर्थिक बर्षको मध्यसम्म बजेट कार्यान्वनको अवस्था प्रस्तुत गर्ने सूचनामुलक दस्तावेज हो । यसले आर्थिक पुर्वानुनमानहरूको समिक्षा गरी बजेटका उपलब्धीको अद्यावधिक प्रक्षेपण प्रस्तुत गर्छ । | २०२०-२१ | ५२ |
| वार्षिक प्रतिवेदन (Year End Report) | यसले आर्थिक बर्षको अन्तमा सरकारी लेखाको स्थितीको व्याख्या गर्छ । साँचो अर्थमा यो वजेटको नीतिगत लक्ष्य हाँसील गर्नमा भएको प्रगतिको मुल्यांकन हो । | २०१८-१९ | ढिला प्रकाशन |
| लेखा परिक्षण प्रतिवेदन (Audit Report) | सर्वोच्च लेखापरीक्षण निकायबाट जारी गरिने यो दस्तावेजले सरकारको बर्षान्तका लेखा प्रतिवेदनको विस्वसनीयता र पुर्णताको परीक्षण गर्छ । | २०१८-१९ | ६२ |

<u>संकेत</u>

०-४०/१००     ४१-६०/१००     ६१-१००/१००

नेपालको बजेट पारदर्शिता सुचकांक (३९) अघिल्लो प्रतिवेदन अर्थात् २०१९ को नजिक छ ।

## खुला बजेट सर्वेक्षण २०२१ मा के परिवर्तन भयो ?

- नेपालले समयवद्ध रुमपा आर्थिक बर्ष भित्रका प्रतिवेदन अर्थात् त्रैमासिक प्रतिवेदन प्रकाशन गरेको बजेट सूचनाको उपलब्धता बढाएको छ तर
- आर्थिक बर्ष समापन भएको वा प्रतिवेदन अवधिको १२ महिना सम्म वार्षिक प्रतिवेदन सार्वजनिक नगरेर बजेट सूचनाको सार्वजनिक उपलब्धता घटाएको छ ।

## सुझावहरू

नेपालले बजेट पारदर्शिताको अवस्था सुधारका लागि निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ ।


- वार्षिक प्रतिवेदन अनलाइन माध्यमबाट समयवद्ध रुपमा सार्वजनिक गर्ने ।
- नागरिक बजेट निर्माण गरी समयवद्ध रुपमा अनलाइनबाट सार्वजनिक गर्ने तथा बजेट साक्षरता अभिबृद्धिका लागि कार्यकारीको बजेट प्रस्तावसँगै बजेटमा प्रयोग गरिने शब्दावलीको व्याख्या प्रकाशन गर्ने ।
- कार्यकारीको बजेट प्रस्ताव संसदमा पेश गर्नुभन्दा कम्तिमा १ महिना पहिले मध्यमकालीन खर्च संरचना प्रकाशन गर्ने र यसलाई वार्षिक बजेट प्रक्रियासँग आवद्ध गर्ने ।
- कार्यकारीको बजेट प्रस्तावमा राजस्व र खर्चको आगामी आर्थिक बर्षहरुको बहुबर्षीय प्रक्षेपण समावेश गर्ने र यसलाई मध्यमकालीन खर्च संरचनासँग दादम्यता मिलाउने ।
- बजेट कार्यान्वयनको प्रगति प्रतिवेदनहरुलाई बर्गीकृत बजेट सूचना सहित जानकारीमुलक बनाउने तथा खुला तथ्यांक स्वरुपमा सार्वजनिक गर्ने ।

## नागरिक सहभागिता

खुला बजेट सर्वेक्षणले बजेट प्रक्रियाका विभिन्न चरणमा अर्थपूर्ण नागरिक सहभागिताका लागि उपलब्ध औपचारिक अवसरहरुको अध्ययन गर्छ । केन्द्रीय सरकारको कार्यकारी, व्यवस्थापिका र सर्वोच्च लेखापरीक्षण निकायकाले अवलम्वन गरेका अभ्यासको लेखाजोखा गर्न  विभिन्न १८ वटा समान अंक भारका सुचकको प्रयोग गरिन्छ । यी सुचकहरू वित्तीय पारदर्शिताका लागि विश्वब्यापी प्रयास(गिफ्ट) ले तय गरेका वित्तीय नीतिमा नागरिक सहभागिता सम्वन्धि सिद्धान्त अनुकुल तयार गरिएका छन् । हरेक देशको बजेट प्रक्रियामा नागरिक सहभागिताको स्तर ० देखि १०० को स्केलमा मापन गरिन्छ ।

नेपालले नागरिक सहभागितामा १०० मध्ये २४ अंक प्राप्त गरेको छ ।

## नागरिक सहभागितामा नेपालको तुलनात्मक स्थिति




० अपर्याप्त ६१ पर्याप्त

नागरिक सहभागिताका विश्वका नविन अभ्यासबारे थप जानकारीका लागि यहाँ क्लीक गर्नुहोस् ।

## नेपालमा बजेट प्रक्रियामा नागरिक सहभागिताको अवसरको उपलब्धता

| २०/१०० | २२/१०० | २५/१०० | ३३/१०० |
|---|---|---|---|
| | | | |
| तर्जुमा (कार्यकारी) | अनुमोदन (व्यवस्थापिका) | कार्यान्वयन ( कार्यकारी) | लेखापरीक्षण (सर्वोच्च लेखापरीक्षण निकाय) |

संकेत : ०-४० : थोरै    ४१-६० : सिमित    ६१-१०० : पर्याप्त

# सुझावहरू

नेपालमा अर्थ मन्त्रालयले बजेट तर्जुमाको क्रममा पुर्व बजेट प्रस्तुतीको अभ्यस गर्ने गरेको छ भने भने बजेट कार्यान्वयनका क्रममा अनलाइन परामर्शको अभ्यास पनि गर्ने गरेको गरेको छ। यसका बाबजुत बजेट प्रक्रियामा नागरिक सहभागितालाई थप सवलीकृत गर्न निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ।

- संकटासन्न तथा प्रतिनिधित्व छुटेका समुदायसँग उनीहरु स्वयं वा उनीहरुलाई प्रतिनिधित्व गर्ने नागरिक संस्था मार्फत सक्रिय रुपमा संलग्न हुने।
- हेलो सरकार मार्फत प्राप्त हुने गुनासोसँग सम्वन्धित निकायलाई जोडेर सेवा प्रवाह सुधारका लागि यसको सक्रीय उपयोग गर्ने।
- व्यापका नागरिक परामर्शमा पेफा सचिवालयले तयार गरी सार्वजनिक गरेको सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिताको राष्ट्रिय रणनीति कार्यान्वयनको पर्यत्न गर्ने।

नेपालको संसदले वार्षिक बजेट अनुमदन सम्वन्धि सार्वजनिक सुनुवाईको पद्धति बसालेको छ तर त्यसवाहेक निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ।

- कार्यकारीको बजेट प्रस्ताव अनुमोदन गर्नुअघि हुने संसदीय सुनुवाईका क्रममा जनमत बुझ्ने प्रयोजनका लागि सर्वसाधारण वा नागरिक संघ संस्थाका प्रतिनिधिलाई सहभागिताको अवसर उपलब्ध गराउने।
- समुदायका वा नागरिक संघ संस्थाका प्रतिनिधिलाई लेखापरीक्षण प्रतिवेदन माथि हुने छलफलमा सहभागिताको अवसर दिने।
- प्रदेश स्तरमा हुने पूर्व बजेट परामर्शलाई दीगो रुप दिने र यसको प्रतिवेदन अर्थ मन्त्रालय र संसदमा पेश गर्ने।


नेपालमा महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षण कार्यक्रम निर्माणमा सहयोगका लागि समुदायको सहयोग लिने पद्धति तय गरेको छ। यस अतिरिक्त बजेट प्रक्रियामा नागरिक सहभागिता प्रवर्द्धनका लागि उसले निम्न कार्यलाई प्राथमिकतामा राख्नुपर्छ।

- लेखापरीक्षण अनुसन्धानका क्रममा सर्वसाधारणले योगदान गर्न सक्ने गरी औपचारिक पद्धति विकास गर्ने।


## बजेट निगरानी

खुला बजेट सर्वेक्षणले संसद र सर्वोच्च लेखापरीक्षण निकायले बजेट प्रक्रियामा निर्वाह गर्ने भूमिका तथा ती निकाबाट हुने बजेटको निगरानीको स्तर अध्ययन गर्छ। १८ वटा समान अंकभार भएका सूचकका आधारमा हरेक देशले प्राप्त गर्ने अंक ० देखि १०० सम्मको स्केलमा मापन गरिन्छ। यस अतिरिक्त सर्वेक्षणमा स्वतन्त्र वित्तीय निकायबाट पुरक सूचना पनि संकलन गरिन्छ (बक्समा हेर्नुहोस्)।

नेपालमा व्यवस्थापिका र सर्वोच्च लेखापरीक्षण निकायले संयुक्त रुपमा बजेट प्रक्रियाको सीमित निगरानी गर्छन्। यी दुई निकायको संयुक्त बजेट निगरानी मापनमा प्राप्तांक १०० मा ४४ रहेको छ। फरक फरक रुपमा हेर्दा यी निकायको बजेट निगरानीको स्तर निम्नानुसार छ।




संसदीय निगरानी




लेखापरीक्षण निगरानी

संकेत

०-४० : थोरै   ४१-६० : सिमित   ६१-१०० : पर्याप्त

## सुझावहरू

नेपालमा बजेट चक्र अन्तर्गत बजेट योजना र कार्यान्वयन प्रक्रियामा संघीय संसदको निगरानी कमजोर छ। निगरानी सुधारका लागि निम्न कार्यलाई प्राथमिकतामा राखिनुपर्छ।

- कार्यकारीको बजेट प्रस्ताव आर्थिक बर्ष शुरु हुनुभन्दा कम्तिमा २ महिना पहिले संसदमा पेश गर्ने।
- संसदीय समितिहरूले कार्यकारीको बजेट प्रस्ताव अध्ययन गरी आफ्नो विश्लेषण अनलाइन माध्यमबाट सार्वजनिकीकरण गर्ने ।

- संसदीय समितिले बजेट कार्यान्वयन चालु रहेको अवस्था कार्यान्वयनको अध्ययन गरी आफ्नो ठम्याई सहितको प्रतिवेदन अनलाइन माध्यमबाट सार्वजनिकिकरण गर्ने ।
- बजेट कार्यान्वनय अवधिमा स्कीकृत बजेटमा उल्लेखित स्रोत एउटा प्रशासनीक इकाइबाट अर्को प्रशासनीक इकाईमा सार्नु वा राजस्व घटेको कारणले खर्च घटाउने निर्णय गर्नुअघि संसदीय परामर्शको अभ्यास सुनिश्चित गर्ने ।
- संसदीय समितिले महालेखा परीक्षकको प्रतिवेदन अध्ययन गरी त्यसको निचोड सहितको प्रतिवेदन अनलाइन माध्यमबाट सार्वजनिक गर्ने ।

आफ्नो स्वायत्तता बढाउन तथा लेखापरीक्षण निगरानी अभिबृद्धि गर्न महालेखा परीक्षकको कार्यालयलाई निम्न कार्य सुझाइएको छ ।

- स्वतन्त्र निकायबाट लेखापरीक्षणको प्रक्रिया पुनरावलोकन गराउने ।

**स्वतन्त्र वित्तीय निकाय स्थापनाको नविन अभ्यास**

नेपालमा स्वतन्त्र वित्तीय निकाय छैन । यस्तो निकायलाई बजेट प्रक्रियामा कार्यपालिका र व्यवस्थापिकाका लागि स्वतन्त्र र निश्पक्ष सुचना उपलब्ध गराउने स्रोतका रुपमा मान्यता दिने क्रम बढ्दो छ ।

खुला बजेट सर्वेक्षणमा अंक निर्धारणको सुचकका रुपमा भने यसलाई समावेश गरिएको छैन ।

# अध्ययन विधि

सन् २०२० डिसेम्बर ३१ सम्म प्रकाशित दस्तावेज, कार्यक्रम, गतिविधि वा विकास मात्र २०२१ को खुला बजेट सर्वेक्षणका क्रममा अध्ययन गरियो ।

सर्वेक्षण हरेक देशका स्वतन्त्र बजेट विशेषज्ञले पुरा गरेको सर्वेक्षण प्रश्नावलीमा आधारित छ । यो अनुसन्धान कार्यमा नेपालका लागि तारानाथ दाहाल, कृष्ण सापकोटा र सुबास दाहाल संलग्न थिए ।

अध्ययनमा संलग्न संस्थाको जानकारी

info@ freedomforum.org.np; sangreela@gmail.com

अध्ययनलाई थप सबल बनाउन पहिचान नखुलाइएका स्वतन्त्र विज्ञबाट पनि हरेक देशको मस्यौदा प्राश्नावली पुनरावकोन गराइन्छ ।

**--समाप्त—**